विद्युत उत्पादन कम्पनी लिमिटेड
Vidhyut Utpadan Company Limited

वुद्धनगर, काठमाडौं- १०

# स्वतन्त्र सञ्चालकको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रकाशन मिति २०७७।१०।१८

विद्युत उत्पादन कम्पनी लिमिटेड नियमावली, २०७३ को नियम २७ को उपनियम ३ को (घ) र (ङ) बमोजिम जलविद्युत विशेषज्ञ -१ (एक) र वित्त विशेषज्ञ -१ (एक) गरी दुई जना स्वतन्त्र सञ्चालक नियुक्तिका लागि ऐ. नियमावलीको नियम २९ मा उल्लिखित तपसिल बमोजिमको योग्यता भएका इच्छुक उमेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले ५ (पाँच) दिन भित्र नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता र कार्य अनुभवको प्रमाणित प्रतिलिपि, स्वघोषणा र व्यक्तिगत विवरण (Bio-data) सहित कम्पनीको प्रधान कार्यालय (BPC Building, Rudramati Marg, Buddhanagar Kathmandu- 10), Email: info@vucl.org मा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. कम्तीमा ३५ वर्ष उमेर पूरा भई ६० वर्ष ननाघेको,
२. उच्च दक्षता एवं नैतिकता प्रदर्शन गरेको,
३. भ्रष्टाचार, सम्पती शुद्धिकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
४. प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश नभएको,
५. व्यक्तिगत बेरुजु वा सरकारी रकम बक्यौता नरहेको,
६. अन्य कुनै जलविद्युत कम्पनी वा निकायको सञ्चालक कर्मचारी, लेखा परीक्षक, कम्पनी सचिव वा शेयरधनी नरहेको,
७. शैक्षिक योग्यता र कार्य अनुभव,
   (क) जलविद्युत विशेषज्ञको हकमा;- ईन्जिनियरिङ्ग सम्बन्धी विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र स्नातक पछि सम्बन्धित विषयमा ८ वर्षको कार्य अनुभव भएको वा इन्जिनियरिङ्गमा स्नातक गरी सम्बन्धित विषयमा १२ वर्षको कार्य अनुभव भएको ।
   (ख) वित्त विशेषज्ञको हकमा ;- अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्त वा व्यवस्थापनमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि वा चाटर्ड एकाउन्टेन्सि वा चाटर्ड फाइनान्सियल एनालिस्ट उपाधि हासिल गरेको र वित्तीय व्यवस्थापन वा परियोजना लगानीको क्षेत्रमा कम्तीमा ८ वर्षको कार्य अनुभव भएको ।

**श्री विद्युत उत्पादन कम्पनी लिमिटेड**

**काठमाडौं -१०, बुद्धनगर।**

म...................................................... स्वघोषणा गर्दछु कि,

१. भ्रष्टाचार, सम्पत्ती शुद्धिकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
२. प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश नभएको,
३. व्यक्तिगत बेरुजु वा सरकारी रकम बक्यौता नरहेको,
४. अन्य कुनै जलविद्युत कम्पनी वा निकायको सञ्चालक, कर्मचारी, लेखा परीक्षक, कम्पनी सचिव वा शेयरधनी नरहेको,
५. पेश गरेका सम्पूर्ण विवरणहरु साँचो रहेको र झुठो ठहरेमा कानून बमोजिम हुने सजायमा मन्जुर रहेको ।

हस्ताक्षर :

नाम :

ठेगाना :

मितिः